# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ८ गुलरिया, बैशाख २५ गते, २०८२ साल**

## भाग - २

### गुलरिया नगरपालिका
### नगरकार्यपालिकाको कार्यालयको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा गुलरिया नगरपालिका शिक्षा ऐन २०७५ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका नगरकार्यपालिकाको मितिः २०८२।०१।२५ गते स्वीकृत गरि जारि गरिएको **कार्यविधि**/ नियामावलि /निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्बत् २०८२ सालको कार्यविधि नं. ३**

**गुलरिया नगरपालिका शिक्षक तथा कर्मचारी बैंक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२**

आज्ञाले
ओमकार शाह
प्रमुख प्रशासकीय अधिकृत

# गुलरिया नगरपालिका शिक्षक तथा कर्मचारी बैंक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

सामुदायिक विद्यालयमा अस्थायी करार शिक्षक नियुक्ति गर्दा नियुक्ति प्रक्रिया पुरा गर्न लामो समय लाग्ने र विद्यालय पठनपाठनमा असर पर्ने भएको हुँदा शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, तथा नगर स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने नियुक्ति प्रक्रियालाई छिटो-छरितो,पारदर्शी, विश्वसनीय,वैद्य, मर्यादित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उप दफा (२) तथा गुलरिया नगरपालिका शिक्षा ऐन २०७५ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

**परिच्छेद-१**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम "गुलरिया नगरपालिका शिक्षक तथा कर्मचारी बैंक व्यवस्थापन कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"ऐन"**भन्नाले गुलरिया नगरपालिका नगर शिक्षा ऐन, २०७५ सम्झनुपर्दछ।

(ख) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी (विद्यालय सहायक, सहयोगी) सम्झनुपर्दछ।

(ग) **"नगरपालिका"** भन्नाले गुलरिया नगरपालिका सम्झनुपर्दछ।

(घ) **"प्रमुख"** भन्नाले गुलरिया नगरपालिकाका नगर प्रमुख सम्झनुपर्दछ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गुलरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(च) **"शाखा"** भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

(छ) **"शिक्षा समिति"** भन्नाले ऐनको दफा १५ बमोजिम गठन भएको समिति सम्झनुपर्दछ।

(ज) **"शाखा प्रमुख"** भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा सेवा शिक्षा प्रशासन समूहको अधिकृत स्तरको कर्मचारी सम्झनुपर्दछ।

(झ) **"शिक्षक"** भन्नाले स्वीकृत दरबन्दी, अस्थायी करार, लियन तथा शिक्षण सिकाइ अनुदान कोटामा कार्यरत शिक्षकलाई सम्झनुपर्दछ साथै सो शब्दले नगर स्वयंसेवक शिक्षकका रुपमा रोष्टरमा रहेको शिक्षक तथा प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ता समेतलाई सम्झनुपर्दछ।

(ञ) **"करार शिक्षक"** भन्नाले स्वीकृत दरबन्दीको अस्थायी र शिक्षण सिकाइ अनुदान कोटाका शिक्षक सम्झनु पर्दछ।

(ट) **"शिक्षक तथा कर्मचारी बैंक व्यवस्थापन "** भन्नाले नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा रिक्त हुने स्वीकृत दरबन्दी, करार, शिक्षण सिकाइ अनुदान, नगर स्वयंसेवक शिक्षक, प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ता तथा विद्यालय कर्मचारी पदमा कार्य गर्नका लागि शिक्षक सेवा आयोगले तथा यस कार्यविधिले तोके बमोजिमको पाठ्यक्रम अनुरुप परीक्षा सञ्चालन गरी तयार गरिएको योग्यताक्रम सहितको समूह भन्ने सम्झनुपर्दछ।

(ठ) **"विषय विशेषज्ञ"** भन्नाले दफा (७) मा व्यवस्था भए बमोजिम योग्यता भएको विशेषज्ञ सम्झनुपर्दछ।

## परिच्छेद-२

## परीक्षा सञ्चालन तथा छनौट प्रक्रिया

**३. विज्ञापन तथा दरखास्त शुल्क सम्बन्धमाः**(१)नगरपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयमा आवश्यक पर्ने स्वीकृत दरबन्दी, करार, शिक्षण सिकाइ अनुदान, नगर स्वयंसेवक शिक्षक,प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ता तथा विद्यालय कर्मचारी पदका लागि आवश्यकता अनुसार वार्षिक रुपमा शाखाले शिक्षक/कर्मचारी बैंकमा रही कार्य गर्न ईच्छुक व्यक्तिबाट १५ दिनको समय दिई  विज्ञापन गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम निम्न माध्यमिक तथा माध्यमिक तहका लागि विषयगत रुपमा आवेदन माग गर्नुपर्नेछ ।

(३) शाखाले देहायका तह र पदका लागि देहायको शुल्क तोकी विज्ञापन गर्नुपर्नेछ । तोकिएको शुल्क कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ ।

| पद तथा तह | प्रति उम्मेदवार शुल्क रु |
|---|---|
| विद्यालय सहयोगी कर्मचारी | रु ५००।- |
| बाल विकास सहजकर्ता | रु ५००।- |
| विद्यालय सहायक कर्मचारी | रु ७००।- |
| प्राथमिक तह (आधारभूत तह कक्षा १-५) | रु ८००।- |
| निम्न माध्यमिक तह (आधारभूत तह कक्षा ६-८) | रु ९००।- |
| माध्यमिक तह (कक्षा ९-१२) | रु १०००।- |

(४) शाखाले गरेको विज्ञापनमा पेश गरेका दरखास्तका कागजात रुजू गर्न शिक्षा शाखा प्रमुखको संयोजकत्वमा बढीमा ३ सदस्यीय दरखास्त फाराम मूल्याङ्कन समिति रहनेछ । सो समितिले दरखास्त फाराम रुजू गरी स्वीकृत भएका उम्मेदवारको नाम नामेसी विवरण तयार गरी उक्त विवरण सहित परीक्षाको मिति, समय र स्थान प्रकाशन गर्नुपर्नेछ ।

**४. योग्यता सम्बन्धी व्यवस्थाः**(१)प्राथमिक , निम्न माध्यमिक तथा माध्यमिक तहको शिक्षक पदका लागि न्यूनतम योग्यता सम्बन्धित तहका लागि शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) विद्यालय सहयोगी कर्मचारीका लागि न्यूनतम योग्यता सामान्य लेखपढ हुनेछ ।

(३) प्रारम्भिक बाल विकास सहजकर्ताको न्यूनतम योग्यता कक्षा १२ वा सो सरह उत्तीर्ण हुनेछ ।

(४) विद्यालय सहायक कर्मचारीको न्यूनतम योग्यता कक्षा १२ वा सो सरह उत्तीर्ण हुनेछ ।

(५) स्वयंसेवक शिक्षकको योग्यता उपदफा (१) मा व्यवस्था भए बमोजिम हुनेछ ।

**५. छनौट प्रक्रिया तथा पाठ्यक्रमः**(१)अस्थायी दरबन्दीमा शिक्षक पदपुर्ति गर्न सामुदायिक विद्यालयले शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारहरुको लागि प्रचलित कानुन अनुसार कम्तीमा ७ दिनको सूचना प्रकाशित गर्नुपर्नेछ र सो समय सिमा भित्र आएका उम्मेदवारहरुलाई योग्यताक्रमका आधारमा विद्यालयले नियुक्ति दिनु पर्नेछ ।तोकिएको समय सीमा भित्र करार सूचीमा रहेका उम्मेदवार नआएमा शिक्षक,सहजकर्ता तथा विद्यालय कर्मचारी पद रिक्त भएमा विद्यालयले रिक्त भएको तह, श्रेणी र  विषय खोली विद्यालय व्यवस्थापन समितिको निर्णय सहित रिक्त पदपूर्ती सिफारिस वा सरुवाका माध्यमबाट पदपूर्ति का लागि ७ दिन भित्र शाखालाई जानकारी दिनुपर्नेछ ।सरुवाका माध्यमबाट पदपूर्ति गर्न चाहेमामा प्रचलित कानुन अनुसार नै पदपूर्ति हुनेछ । साथै

तोकिएको समयमा रिक्त पदको जानकारी नगराएमा उक्त रिक्त पद शिक्षा समितिले आवश्यकता भएको अन्य विद्यालयमा स्थानान्तरण गर्न सक्नेछ ।

(२) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(३) प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय सहायक कर्मचारी पदका लागि पाठ्यक्रम क्रमशः अनुसूची १ र २ बमोजिम हुनेछ ।

(४) विद्यालय सहयोगी कर्मचारी छनोट प्रक्रिया अन्तर्वार्ताको माध्यमबाट मात्र हुनेछ ।अन्तर्वार्ताका लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा ३ सदस्यीय अन्तर्वार्ता सञ्चालन समिति रहनेछ । अन्तर्वार्ता सम्बन्धी व्यवस्था अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ ।

**६. परीक्षाको किसिम तथा प्रक्रियाः**(१) यस कार्यविधि बमोजिम हुने शिक्षक पदको परीक्षाको किसिम तथा प्रक्रिया शिक्षक सेवा आयोग नियमावली, २०५७(संशोधन सहित) मा भए बमोजिम हुनेछ ।

(२) बाल विकास सहजकर्ता तथा विद्यालय सहायक कर्मचारीको परीक्षा यस कार्यविधि बमोजिमको पाठ्यक्रमले निर्धारण गरे अनुसार हुनेछ ।

**७. विशेषज्ञको योग्यताः** यस कार्यविधि बमोजिम प्रश्नपत्र निर्माण तथा परीक्षा सञ्चालनका लागि विशेषज्ञको योग्यता देहाय बमोजिम हुनेछ ।

(क) माध्यमिक तह (कक्षा ११-१२) को शिक्षक पदका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरेको, कम्तीमा माध्यमिक तह द्वितीय श्रेणी वा विश्वविद्यालयको उप प्राध्यापक सरहको अनुभव प्राप्त गरेको,
(ख) माध्यमिक तह (कक्षा ९-१०) को शिक्षक पदका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक शैक्षिक उपाधि हासिल गरेको, माध्यमिक तह तृतीय श्रेणीमा स्थायी नियुक्ति लिई कम्तीमा ३ वर्षको अनुभव प्राप्त गरेको वा विश्वविद्यालयको उप प्राध्यापक सरहको अनुभव प्राप्त गरेको,
(ग) प्राथमिक तथा निम्न माध्यमिक तहको शिक्षक पदका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक शैक्षिक उपाधि हासिल गरेको, सोही तहमा स्थायी नियुक्ति लिई कम्तीमा ३ वर्षको अनुभव प्राप्त गरेको,

(घ) विद्यालय कर्मचारी(लेखापाल) का लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक शैक्षिक उपाधि हासिल गरेकोवा विद्यालय सहायक तथा लेखापाल पदमा रही कम्तीमा ५ वर्षको अनुभव प्राप्त गरेको,

(ङ)बाल विकास सहजकर्ताका लागि शिक्षा शास्त्रमा कम्तीमा स्नातक तहको शैक्षिक उपाधि हासिल गरेको

**८.विशेषज्ञ सूचीकरण प्रक्रियाः**शिक्षा विकास तथा समन्वय इकाई बर्दिया तथा बर्दिया जिल्लाभित्रका अन्य स्थानीय तहको विशेषज्ञ सूचीमा रहेका व्यक्तिहरुलाई छनोट प्रक्रियामा विशेषज्ञको रुपमा प्रयोग गर्न सकिनेछ । साथै कार्यालयको आवश्यकता अनुसार देहाय बमोजिम विशेषज्ञ सूचीकरण गरिनेछ ।

(१) विषयविशेषज्ञको रुपमा रोष्टरमा रहन चाहने व्यक्तिले शाखाले ७ दिनको सूचना प्रकाशित गरेको अवधि भित्र आवेदन दिनुपर्नेछ ।

(२) उप दफा (१) बमोजिम सूचना प्रकाशित गर्दा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु उल्लेख गर्नुपर्नेछ ।

(३) उप दफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकको निवेदन छानबिन गरी प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह तथा विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताका लागि छुट्टाछुट्टै विशेषज्ञ सूची अभिलेखीकरण गरिनेछ ।

(४) उप दफा (१) बमोजिमको अवधिमा विशेषज्ञले सूचीकृत हुन सूचना गर्दा कसैले आवेदन नदिएमा वा तोकिएको समयमा रोष्टरको विशेषज्ञ उपलब्ध नभएमा शाखा प्रमुखले योग्यता पुगेको व्यक्तिलाई विशेषज्ञको रुपमा तोकी जिम्मेवारी दिन सक्नेछ ।

**९. विज्ञापन सम्बन्धी व्यवस्थाः**(१) शाखाले आवश्यकता अनुसार वा वार्षिकरुपमा बैंक प्रयोजनका लागि करारमा शिक्षक नियुक्तिका लागि विज्ञापन गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम विज्ञापन गर्दा शिक्षक पदका लागि शिक्षक सेवा आयोगले लिने परीक्षाको पाठ्यक्रम र परीक्षा प्रणाली अनुरुप हुनेगरी विज्ञापन गरिनेछ ।

(३) योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुलाई एक शैक्षिक सत्र वा अर्को बैंक सूची तयार नभए सम्मका लागि विद्यालयमा रिक्त हुने शिक्षक/विद्यालय कर्मचारी नियुक्तिका लागि सिफारिस गरिनेछ ।

(४) करारमा शिक्षकको विज्ञापन फाल्गुन महिनामा र परीक्षा चैत महिनामा सञ्चालन हुनेछ ।

(५) माथि जेसुकै लेखिए तपनि यो कार्यविधि लागु भएको पहिलो पटकका लागि जुनसुकै समयमा पनि विज्ञापन हुन सक्नेछ । शिक्षा युवा तथा खेलकुद शाखाले बैंकको आवश्यकता देखेमा जुनसकै समयमा विज्ञापन गर्न सक्नेछ ।

**१०.शिक्षक,कर्मचारी छनोट व्यवस्थापन तथा सिफारिस समितिः**(१) शिक्षक तथा कर्मचारीको बैंक प्रयोजनको लागि करार सूची तयार गर्न शिक्षक तथा कर्मचारीको परीक्षा सञ्चालनका लागि व्यवस्थापकीय कार्य गर्न देहाय बमोजिमको समिति रहनेछः

**(क) शिक्षा समितिको संयोजक वा निजले तोकेको शिक्षा समितिको सदस्य - अध्यक्ष**
**(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - सदस्य**
**(ग) सूचीकृत विशेषज्ञहरु मध्येबाट अध्यक्षले गोला प्रथाबाट छनोट गरेका २ जना - सदस्य**
**(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव**

२.विशेषज्ञ छनौट गर्ने कार्य उत्तरपूस्तिका परीक्षण तथा नतिजा प्रकाशन सिफारिश गर्नको लागि विषयगत तथा तहगत रुपमा गोला प्रथाबाट छनौट भए अनुसार हुनेछ ।

(३) प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी (लेखापाल) पदका लागि १ जना मात्र विशेषज्ञ राख्न सकिनेछ

(४) दफा १०को उपदफा १ अनुसारको समितिले छनौट परीक्षामा प्रयोग हुने प्रश्न पत्र आवश्यक मात्रामा सूचीकृत विशेषज्ञहरुबाट तह र पद अनुसारको प्रश्न पत्र निर्माण गर्न लगाई प्रश्न बैंक सेट बनाउनु पर्नेछ ।प्रश्न बैंकमा रहेका सेट हरु मध्ये अध्यक्षको रोहवरमा गोला प्रथा बाट प्रश्न छनौट गर्ने तथा समितिले आवश्यकता अनुसारको मोडरेशन गरी अन्तिम प्रश्न बाट परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा सञ्चालनका लागि आवश्यक प्रश्न तयार गर्न लगाउने

(ख) परीक्षा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने

(ग) परीक्षाका लागि प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, नतिजा प्रकाशन र सिफारिस गर्ने

(घ) परीक्षा सञ्चालनका लागि आवश्यक अन्य कार्य गर्ने

(ङ) परीक्षा सञ्चालनका लागि यस बाहेकका अन्य व्यवस्था समितिले तय गरे बमोजिम हुनेछ ।

(च) समितिले आफ्नो कार्यविधि आफैं तयार गर्न सक्नेछ ।

(६) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**११. शिक्षक बैंक निर्माणः** उपदफा (९) बमोजिम विज्ञापन भई उपदफा(१०) बमोजिमको समितिले सञ्चालन गरेको लिखित परीक्षामा उत्तीर्ण सम्पुर्ण उम्मेदवारहरुको शिक्षा युवा तथा खेलकुद शाखाले एकमुष्ट योग्यताक्रम अनुसारको शिक्षक तथा कर्मचारी बैंक निर्माण गर्नेछ ।

## परिच्छेद-३
## करार नियुक्ति सम्बन्धी व्यवस्था

**१२. करारमा शिक्षक नियुक्तिः**(१) यस कार्यविधि बमोजिम छनोट भएका शिक्षकको बढीमा एक शैक्षिक सत्रका लागि करारमा नियुक्ति हुनेछ । तर करारमा नियुक्ति भएका शिक्षकको प्रत्येक आर्थिक वर्षमा म्याद थप गरी करार सम्झौता नविकरण गरी नियमित कामकाजमा लगाउन सकिनेछ ।

(२) विद्यालयले करार नियुक्ति भएका शिक्षकको अभिलेखका लागि हाजिर भएको जानकारी सहित फाईल खडा गरी ७ दिन भित्र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस भै आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै बेला सेवाबाट अवकाश हुनेछ ।

(४) शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षकको पदस्थापन गर्दा पालिका क्षेत्रभित्रको सो पद र श्रेणीको सबैभन्दा कनिष्ठ शिक्षकका स्थानमा पदस्थापन गरिनेछ र सो अवस्थामा उक्त कनिष्ठ शिक्षकको करार सम्झौता स्वतः समाप्त भएको मानिनेछ ।

**१३. नियुक्ति सम्बन्धी व्यवस्थाः**(१)विद्यालयले रिक्त भएको तह, श्रेणी र विषय खोली विद्यालय व्यवस्थापन समितिको निर्णय सहित रिक्त पदपूर्ती सिफारिसका लागि जानकारी आएमा शाखाले दफा १० अनुसारको समितिले सिफारिश गरेको योग्यताक्रम बमोजिमका सफल उम्मेदवारहरुको सूची विद्यालयलाई उपलब्ध गराउने छ । योग्यताक्रममा रहेका इच्छुक उम्मेदवारहरुलाई विद्यालयले कम्तीमा ३ दिनको सूचना प्रकाशन गरी नियुक्तिको लागि आह्वान गर्नु पर्नेछ सो अवधीमा निवेदन पेश गरेका इच्छुक उम्मेदवारहरु मध्ये पहिलो योग्यताक्रम रहेको उम्मेदवारलाई सम्बन्धित विद्यालयले बढीमा ३ दिन भित्र नियुक्ति दिनु पर्नेछ

।तोकिएको समय भित्र विद्यालयले नियुक्ति नदिएमा उक्त रिक्त दरबन्दी शिक्षा समितिले अन्य आवश्यक विद्यालयमा स्थानान्तरण गर्न सक्नेछ।

(२) उप दफा (१) बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिर नभएमा दोस्रो योग्यताक्रमको व्यक्तिलाई नियुक्ति दिइनेछ ।

(३) एक पटक कुनै तह वा पदमा नियुक्ति लिएको व्यक्ति सो तहको योग्यताक्रमबाट स्वतः हटनेछ ।

**१४. सट्टा शिक्षक सम्बन्धी व्यवस्थाः**(१) प्रसुती बिदा वा अन्य कुनै प्रकारको लामो बिदा वा कार्यरत शिक्षक अशक्त भएमा कार्यरत शिक्षकको सट्टामा विद्यालय व्यवस्थापन समितिले विद्यालयको पठनपाठनमा असर नपर्ने गरी सट्टा शिक्षकको रुपमा शिक्षक नियुक्ति गरी पठन पाठनको व्यवस्था मिलाउन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम नियुक्त शिक्षकले नगरपालिकाले तोके बमोजिम निश्चित रकम अनुदान स्वरुप उपलब्ध गराउनेछ ।
(३) उप दफा (१) बमोजिम नियुक्त शिक्षकको सट्टामा नियुक्त भएको शिक्षकले पठनपाठन गर्ने घण्टी संख्यालाई आधार लिई प्राथमिक तथा निम्न माध्यमिक तहका लागि प्रति घण्टी१५०।- र माध्यमिक तहका लागि प्रति घण्टी २५०।- रुपैंयाँका दरले हुन आउने रकम उपलब्ध गराईनेछ ।
**१५. पारिश्रमिक तथा परीक्षा सञ्चालन सम्बन्धी खर्चः** समितिमा रहने सदस्य तथा विशेषज्ञले नगर शिक्षा समितिले निर्धारण गरे बमोजिमको पारिश्रमिक पाउनेछन् ।

**१६. यस कार्यविधि बमोजिम हुनेः**(१) यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछन् ।

(२) यो कार्यविधि लागु हुनु पूर्व र विज्ञापन गर्न बाँकी रहेको अवस्थामा परीक्षाको पाठ्यक्रम वा छनोट प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) विद्यालयले विज्ञापन गरी पदपूर्ती गर्ने प्रक्रियामा रहेको र शिक्षक तथा कर्मचारी बैंक व्यवस्थापन निर्माण भई सिफारिश सूची तयार नभए सम्मका लागि विद्यालयले प्रचलित कानुन अनुसार शिक्षक नियुक्ति प्रक्रिया व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

(४) यस कार्यविधीमा जुनसुकै कुरा लेखिएको भएतापनि राहत शिक्षकको नियुक्ति तथा सिफारिश प्रक्रिया प्रचलित कानुन अनुसार नै हुनेछ ।

**१७. अधिकार प्रत्यायोजनः**यस कार्यविधि अनुसारको कुनैपनि समितिले आफ्नो अधिकार समितिको संयोजक वा सदस्य सचिव वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८.बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा सोको फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**१९. कार्यविधिको संशोधनः** यस कार्यविधिमा थपघट वा संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्नेछ ।

**२०. कार्यविधिको व्याख्याः** यो कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

## अनुसूची -१
## दफा ५ को उप दफा (३) सँग सम्बन्धित
## प्रारम्भिक बाल विकास सहजकर्ताका लागि पाठ्यक्रम

१. सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास सहजकर्ताको नियुक्ति गर्नका लागि विषय, पूर्णाङ्क, परीक्षा प्रणाली, प्रश्न संख्या, अङ्क भार र समय देहाय बमोजिम हुनेछ ।

| क्र सं | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | प्रति प्रश्न अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| १ | वस्तुगत | ५० | ४० | वस्तुगत बहु बैकल्पिक प्रश्न | २५ | २ | ४५ मि. |
| २ | विषयगत | ५० | | लिखित | ५ | १० | २घण्टा१५ मि. |

२. वस्तुगत प्रश्नमा प्रत्येक प्रश्नका ४ वटा सम्भाव्य उत्तर दिइने छ । जस मध्ये एउटा सही उत्तरमा(प्रश्नमा तोके बमोजिम) चिन्ह लगाउने वा लेख्नुपर्नेछ । वस्तुगत प्रश्नमा गलत उत्तर बापत २० % अङ्क कट्टी गरिनेछ ।

३. प्रथम पत्र र द्वितीय पत्रको परीक्षा सँगै सञ्चालन हुनेछ । वस्तुतगत परीक्षाको उत्तर पुस्तिका बुझाए पछि मात्र विषयगत प्रश्न दिइने छ । परीक्षाको माध्यम नेपाली वा अंग्रेजी वा दुबै भाषा हुने छ ।

४. सामान्यतः प्रत्येक इकाईबाट प्रश्न सोधिनेछ । प्रत्येक इकाईको अङ्कभार तोकिए बमोजिम हुने छ । लामो उत्तर दिनुपर्ने प्रश्न एकै वा खण्ड खण्ड गरी( दुई वा दूई भन्दा बढी) सोध्न सकिने छ ।

## विषयवस्तु

**१.सामान्य ज्ञानः** **(१०)**

१.१ नेपालको भूगोल र आर्थिक तथा सामाजिक क्रियाकलापः धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाइने हावापानीको किसिम र विशेषता, नदीनाला, ताल तलैया, खनिज पदार्थ, यातायात, शिक्षा , स्वास्थ्य, सञ्चारर कृषि सम्बन्धी सामान्य जानकारी

१.२नेपालको ईतिहासः आधुनिक ईतिहासर शैक्षिक ईतिहासका प्रमुख घटना सम्बन्धी जानकारी

१.३ नेपालको सामाजिक एवं साँस्कृतिक अवस्थाः प्रथा, परम्परा, धर्म, जातजाति, भाषाभाषी, सँस्कृति, कला, साहित्य र संगित

१.४ राष्ट्रिय महत्त्वका व्यक्तित्व सम्बन्धी जानकारी

**२.सामान्य गणितः** **(१०)**

प्रतिशत, भिन्न, दशमलव, अनुपात, औषत, नाफा नोक्सान, श्रेणीक्रम र ऐकिक नियम

**३. कम्प्युटर सम्बन्धी ज्ञानः** **(५)**

Word, Excel, Power Point, Internet, ICT सम्बन्धी सामान्य जानकारी

**४. बाल मनोविज्ञानः** **(१५)**

४.१ प्रारम्भिक बाल विकास शिक्षाको विषयगत सिप

४.२ पूर्व बाल्यावस्थाका बालबालिकाको वृद्धि र विकास

४.३ उत्प्रेरणा, पुनर्बल, दण्ड , पुरस्कार र बाल हेरचाह

४.४ प्रारम्भिक बाल बिकासका आधारभूत सिप

**५. पाठ्यक्रम तथा शिक्षण विधिः** **(२०)**

५.१ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्रारम्भिक बाल विकास सम्बन्धी व्यवस्था

५.२ बालमैत्री सिकाइ, बालमैत्री कक्षाकोठा र बालमैत्री विद्यालय

५.३ भयरहित सिकाइ

५.४ कक्षाकोठा व्यवस्थापन

५.५ परीक्षा र मूल्याङ्कन

५.६ सिकाइका सिद्धान्त

५.७ बाल विकास सहजकर्ताको कार्य तथा शिक्षण शिल्प

**६. कानुनी प्रावधानः** **(१०)**

६.१ शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ तथा शिक्षक सेवा आयोग नियमावली २०५७

६.२ गुलरिया नगरपालिका शिक्षा ऐन २०७५

६.३ बालबालिका सम्बन्धी रणनीति

६.४ बालबालिका सम्बन्धी विभिन्न सन्धी

६.५ बालबालिका सम्बन्धी ऐन तथा नियमावली

६.६ स्थानीय सरकार सञ्चालन ऐन २०७४

६.७ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७

**७.शैक्षणिक योजना र सरोकारवालाः** **(१०)**

७.१ दैनिक कार्यतालिका एवं पाठ योजना

७.२ वार्षिक शैक्षणिक योजना

७.३ वार्षिक कार्य तालिका

७.४ अभिभावक शिक्षा

७.५ मनोपरामर्श

**८. विषयगत ज्ञानः** **(२०)**

८.१ नेपाली

८.२ अंग्रेजी

८.३ सामाजिक

८.४ कार्यमूलक अनुसन्धान

८.५ घटना अध्ययन

गुलरिया राजपत्र २०८२

**अनुसूची-२**

दफा ५ को उप दफा (३) सँग सम्बन्धित

## विद्यालय कर्मचारी(लेखापाल) को लागि पाठ्यक्रम

१. सामुदायिक विद्यालयका विद्यालय कर्मचारी(लेखापाल) नियुक्ति गर्नका लागि विषय, पूर्णाङ्क, परीक्षा प्रणाली, प्रश्न संख्या , अङ्क भार र समय देहाय बमोजिम हुनेछ।

| क्र सं | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | प्रति प्रश्न अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| १ | वस्तुगत | ५० | ४० | वस्तुगत बहु बैकल्पिक प्रश्न | २५ | २ | ४५ मि. |
| २ | विषयगत | ५० | | लिखित | ५ | १० | २ घण्टा १५ मि. |

२. वस्तुगत प्रश्नमा प्रत्येक प्रश्नका ४ वटा सम्भाव्य उत्तर दिइने छ । जस मध्ये एउटा सही उत्तरमा(प्रश्नमा तोके बमोजिम) चिन्ह लगाउने वा लेख्नुपर्नेछ। वस्तुगत प्रश्नमा गलत उत्तर बापत २० % अङ्क कट्टी गरिनेछ।

३. प्रथम पत्र र द्वितीय पत्रको परीक्षा सँगै सञ्चालन हुनेछ। वस्तुतगत परीक्षाको उत्तर पुस्तिका बुझाए पछि मात्र विषयगत प्रश्न दिइने छ। परीक्षाको माध्यम नेपाली वा अंग्रेजी वा दुबै भाषा हुने छ।

४. सामान्यतः प्रत्येक इकाईबाट प्रश्न सोधिनेछ। प्रत्येक इकाईको अङ्कभार तोकिए बमोजिम हुने छ। लामो उत्तर दिनुपर्ने प्रश्न एकै वा खण्ड खण्ड गरी( दुई वा दूई भन्दा बढी) सोध्न सकिने छ।

**विषयवस्तु**

**१.सामान्य ज्ञानः** **(१०)**

१.१ नेपालको भूगोल र आर्थिक तथा सामाजिक क्रियाकलापः धरातलीय स्वरुपको किसिम र विशेषता, नेपालमा पाइने हावापनीकव किसिम र विशेषता, नदीनाला, ताल तलैया, खनिज पदार्थ, यातायात, शिक्षा , स्वास्थ्य, सञ्चारर कृषि सम्बन्धी सामान्य जानकारी

१.२नेपालको ईतिहासः आधुनिक ईतिहासर शैक्षिक ईतिहासका प्रमुख घटना सम्बन्धी जानकारी

१.३ नेपालको सामाजिक एवं साँस्कृतिक अवस्थाः प्रथा, परम्परा, धर्म, जातजाति, भाषाभाषी, सँस्कृति, कला, साहित्य र संगित

१.४ राष्ट्रिय महत्त्वका व्यक्तित्व सम्बन्धी जानकारी

**२.सामान्य गणितः** **(५)**

प्रतिशत, भिन्न, दशमलव, अनुपात, औषत, नाफा नोक्सान, श्रेणीक्रम र ऐकिक नियम

**३. कम्प्युटर सम्बन्धी ज्ञानः** **(१०)**

Word, Excel, Power Point, Internet, ICT सम्बन्धी सामान्य जानकारी

**४. लेखाको आधारभूत अवधारणा** **(१०)**

४.१ कारोबार मापन र पहिचान

४.२ पूँजीगत तथा आयगत आम्दानी खर्च सम्बन्धी अवधारणा

४.३ दोहोरो लेखा प्रणालीको परिचय, लेखाङ्कन प्रणालीका आधारहरु(नगद, प्रौदभावी र परिमार्जित नगद)

४.४ लेखाङ्कन समिकरण तथा लेखाको वर्गिकरण र यसमा प्रयुक्त पारिभाषिक शब्दावली

४. ५ लेखाङ्कन सम्बन्धी अभिलेखः नगद, जिन्सी, जनरल भौचर, नगदी किताब, सानो नगदी कोष र सहायक खाता

४.६ नियन्त्रण लेखा, सहायक लेखा , सन्तुलन तथा खाताबन्दी

४.७ ह्रास कट्टीको अवधारणा, महत्त्व तथा ह्रास कट्टी गर्ने विधि र लेखाङ्कन, बैंक हिसाब मिलानः अर्थ, मौज्दात फरक पर्नको कारण र मिलानका तरिका

**५. लागत लेखा प्रणालीको जानकारी** **(१०)**

५.१ लागतको अर्थ र वर्गीकरण

५.२ लागत लेखाको अर्थ, उद्देश्य, लागत लेखा र आर्थिक लेखा विचको भिन्नता

५.३ सामग्री अभिलेखः नियन्त्रणको आवश्यकता, महत्त्व, भण्डारण, प्रक्रिया , सामग्री निष्काशन गर्दा गरिने मूल्याङ्कन विधि

५.४ लागतका विभिन्न तत्व, श्रम लागतको ज्याला भुक्तानी र यसको नियन्त्रण

**६.आन्तरिक नियन्त्रण तथा लेखा परीक्षक** **(१०)**

६.१ आन्तरिक लेखा नियन्त्रणको अर्थ र यसका तरिका

६.२ लेखा परीक्षणका अर्थ, महत्त्व, वित्तीय तथा कार्यमूलक लेखापरीक्षण, लेखा परीक्षण प्रतिवेदन

६.३ बेरुजु फस्यौटका तरिका

**७.बजेट सम्बन्धी जानकारीः** **(५)**

बजेटको अर्थ, प्रकार र बजेट तर्जुमा प्रक्रिया

**८.कानुनी प्रावधान** **(२०)**

८.१ नेपालको प्रचलित संविधानः भाग १ देखि भाग ५ र अनुसूचीहरु

८.२ महालेखा परीक्षक

८.३ शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९

८.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४

**९. भ्रष्टचार निवारण ऐन २०५९** (५)

९.१ भ्रष्टचारको कसुर र सजाय सम्बन्धी व्यवस्था

९.२ भ्रष्टचारको निगरानी सम्बन्धी व्यवस्था

**१०. विद्यालय व्यवस्थापन** **(१५)**

१०.१ IEMIS सम्बन्धी जानकारी

१०.२ परीक्षा सञ्चालन सम्बन्धी जानकारी

१०.३ सामाजिक परीक्षण

गुल्मिया राजपत्र २०८२

**अनुसूची-३**
**दफा ५ को उप दफा (४) सँग सम्बन्धित**

| क्र.सं. | रोल नं./ कोड नं. | उम्मेदवारको नाम,थर | व्यक्तित्व परीक्षण (१०अंक) | प्रस्तुत हुने शैली (१०अंक) | समसामयिक ज्ञान ज्ञान (१०अंक) | कामको अनुभव(१० अंक) | पेशा प्रतिको रुची (१० अंक) | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ५० | २५ | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |